# ८

# हबकूक, परमेश्वरको उदारता र सदाशयतामा भर पर्नु

*<u>यस अध्यायको निम्ति पढ्नुहोस</u>:* हबकूक १-१-१७, हबकूक २:२-४, गलाती ३:११, हिब्रू ११:१-१३, हबकूक ३, फिलिपीहरूलाई ४:११।
*<u>स्मरण गर्नुपर्ने पद</u>:* " 'तर समुद्र जसरी पानीले भरिएको छ, त्यसरी नै यो पृथ्वी परमप्रभुको महिमाको ज्ञानले भरिभराउ हुनेछ।'" हबकूक २:१४।
*<u>मूल सोच</u>:* **हाम्रो जीवनमा खराब कुराहरू किन आइपर्छन् सो सधैं बुझ्न सक्दैनौं, तर जब ती परिस्थिति हामीमा आउँछन् तब परमेश्वरका निरन्तररूपमा भर पर्न सक्दछौं।**

**कठिन परिस्थितिमा पनि परमेश्वर मानिसहरूसँग हुनुहुन्छ भनेर एक जना पाष्टरले चर्चमा प्रचार गरिरहेको थियो।** चर्चको समयपछि एक जना महिलाले आँखा भरी आँशु झारेर सोधिन्, "पास्टर बाबु, जब मेरो एक जनामात्र छोरोको असमयीक रूपमा मृत्यु भयो तब त्यसबेला परमेश्वर कहाँ हुनुहुन्थ्यो?" त्यस आमाको अनुहारमा गहिरो पिडा त्यस पास्टरले पढे। एक छिन् ऊ चुपचाप भयो, अनि जवाफ दियोः "बहिनी, परमेश्वर त्यहीं हुनुहुन्थ्यो जब हामीहरूलाई अनन्तको मृत्युबाट बचाउन आफ्नो एक मात्र पुत्रको मृत्यु हुँदा त्यहीं नै उहाँ हुनुहुन्थ्यो।"

वर्तमान वातावरणमा हामीले जस्तै हबकूकले पनि यस संसारमा भइरहेका अन्याय, अत्याचार, हिंसा, अधर्म, पाप आदि टुलटुल हेरेर बस्नु परेको थियो। तर अझ पिडादायी बखत भनेको त्यस अवस्थामा परमेश्वर मौन रहेको हबकूले महशूस गरेका थिए। तर आफ्ना प्रतिज्ञाहरूमाथि भर पर्नु भनेर परमेश्वरले हबकूकलाई विश्वस्त पार्नु भएको थियो।

परमेश्वरका ती वचनहरू पूरा भएको अगमवक्ताले हेर्न पाएका थिएनन्। यद्यपि परमेश्वरमा भर पर्न उनले सिकेका थिए। परमेश्वरसँग गुनासो व्यक्त गरेर उनले आफ्नो पुस्तक सुरू गरेको थियो भने उहाँप्रति अत्यन्त आभारी भएर उहाँको निम्ति अत्यन्त सुन्दर गीत रचेर त्यस पुस्तको अन्त्य गरेका थिए। बाइबलमा भएका सबै उत्कृष्ट गीत वा भजनहरूमा त्यो भजन पनि एक हो भनेर मानिएको छ। सारा संसारमा

"तर समुद्र जसरी पानीले भरिएको छ, त्यसरी नै यो पृथ्वी परमप्रभुको महिमाको ज्ञानले भरिभराउ हुनेछ।" (हबकूक २:१४) भनेर हबकूकले जसरी प्रतिक्षा गरेका थिए त्यसरी नै हामी पनि उहाँको प्रतिक्षा गरिरहनुपर्दछ।

## १. अन्योलमा परेको अगमवक्ता (हबकूक १)

हबकूकले परमेश्वरसँग के को माग गर्दछन्? उनको परिस्थिति हाम्रो भन्दा किन छुट्टै थियो, तर प्रायजसो हामी पनि त्यही प्रश्न वा मागहरू परमेश्वरसँग गरिरहेको कसरी भेट्टाउँछौं? हेर्नुहोस्, हबकूक १: " १ हबकूक अगमवक्ताले पाएको अगमवाणी यही हो। २ हे परमप्रभु! कहिलेसम्म मैले तपाईंलाई सहायताको निम्ति पुकारा गर्नुपर्ने हो र तपाईंले मेरो बिन्ती सुन्नुहुन्छ? र कहिले हामीलाई हिंसाबाट बचाउनुहुन्छ? ३ किन तपाईंले मलाई यस्ता अन्याय हेर्न लगाउनुहुन्छ? यस्ता दुष्कर्म सहेर कसरी तपाईं हेरिरहन सक्नुहुन्छ? मेरा चारैपट्टि विनाश र हिंसा छन् र जहींतहीं लडाइँ र झगडा भइरहेका छन्। ४ कानुन कमजोर र बेकामको भएको छ र कहिल्यै न्याय हुँदैन। दुष्टहरूले धर्मीहरूलाई घेर्छन् र यसरी न्याय भ्रष्ट हुँदछ। ५ अनि परमप्रभुले आफ्ना प्रजालाई भन्नुभयो, "चारैपट्टिका जातिहरूलाई हेरिरहो र जे-जे देख्नेछौ, त्यसमा तिमीहरू छक्कपर्नेछौ। तिमीहरूकै पालोमा म यस्तो काम गर्नेछु कि सुनेर पनि तिमीहरूलाई विश्वास हुनेछैन। ६ म बेबिलोनीहरूका हातमा राज्य-शक्ति दिनेछु। तिनीहरू डरलाग्दा र अधीर मानिसहरू छन्, अर्काका देशहरू विजय गर्न भनी तिनीहरू अघि बढिरहेका छन् र पृथ्वीको पल्लो छेउसम्म पुग्नेछन्। ७ तिनीहरूले डर र आतङ्क फैलाउँदैजान्छन्। आफ्ना घमण्डले फुलेर तिनीहरू मनपरि गर्छन्। ८ "तिनीहरूका घोडाहरू चितुवाहरूभन्दा चाँडो दगुर्छन् र भोकाएका ब्वाँसाहरूभन्दा पनि भयानक छन्। तिनीहरूका घोड-चढीहरू टाढा-टाढाबाट घोडामा चढेर अघि बढ्छन्। चिलले शिकारलाई झम्टेझैं तिनीहरू बडो वेगले हानिएर आउँछन्। ९ "उनका सेनाहरूले हिंसा गरी हमला गर्दै अघि बढ्छन्। बालुवा जतिकै अनगिन्ती कैदीहरू तिनीहरूले बनाउँछन्। १० तिनीहरूले राजाहरूलाई खिसी गर्छन् र भारदारहरूको हाँसो उडाउँछन्। कुनै किल्लाले तिनीहरूलाई रोक्न सक्दैन। माटोको ढिस्कुरो बनाई त्यसबाट किल्लामा चढी तिनीहरूले त्यो किल्ला कब्जा

गर्छन्। ११ तब अचानक तिनीहरू बतासझैं जोडले बहेर लोप हुन्छ। तिनीहरू दोषी मानिसहरू हुन्, जसले आफ्नै शक्तिलाई आफ्नो देवता मानेका छन्।" १२ हे परमप्रभु! तपाईं आदिदेखि नै परमेश्वर हुनुहुन्छ। तपाईं मेरा पवित्र र अनन्तका परमेश्वर हुनुहुन्छ। हे परमप्रभु, मेरा रक्षक र परमेश्वर! बेबिलोनीहरूले हामीलाई दण्ड देऊन् भनी तपाईंले तिनीहरूलाई छान्नुभयो र शक्तिशाली बनाउनुभयो। १३ तर कसरी तपाईं यी धोखेबाज र दुष्ट मानिसहरूलाई हेरिरहन सक्नुहुन्छ? तपाईंको दृष्टि अति पवित्र छ र तपाईंले दुष्ट कुरा हेर्न सक्नुहुन्न। तपाईंले मानिसहरूको खराबी गरेको दृश्य पनि हेर्न सक्नुहुन्न। तब तिनीहरूले आफूभन्दा धर्मी मानिसहरूलाई नाश गर्दा तपाईं किन चुप लागेर बस्नुहुन्छ?

१४ तपाईंले कसरी मानिसहरूलाई शासकबिनाको माछा वा किरा फटेङ्ग्राका बथानजस्तो बनाउनुहुन्छ? १५ माछा पक्रेझैं बेबिलोनीहरूले मानिसहरूलाई बल्छीले पक्रन्छन्। जालमा पक्री तिनीहरूले मानिसहरूलाई उठाई लैजान्छन् र रमाउँदै कराउँछन् १६ तिनीहरूले आफ्ना जालहरूलाई पनि पुज्छन् र तिनीहरूलाई बलि चढाउँछन् किनभने ती जालहरूद्वारा नै तिनीहरूले असलभन्दा असल थोकहरू र भोजन पाउँदछन्। १७ के बेबिलोनीहरूले सधैंभरि जाति-जातिका मानिसहरूलाई जालमा पक्रेर दया नदेखाई मारिरहने छन् त?

हबकूक अरू अगमवक्ताहरूभन्दा छुट्टै खालका थिए। अरू अगमवक्ताहरू परमेश्वरको निम्ति बोल्दथे अर्थात् तिनीहरू परमेश्वरका बोली भएर मानिसहरूको अगाडि खडा हुन्थे। तर हबकूकलेचाहिँ मानिसहरूको निम्ति तिनीहरूको बोली भएर परमेश्वरसँग बोल्दछन्। परमेश्वरको मती के हो, उहाँको इच्छा वा उद्देष्य के हो भनेर दिक्क लागेर हबकूले यो चित्कार गर्दछन्, "हे प्रभु कति समयसम्म यस्तो परिस्थितिमा बस्ने हो ?" यस्तो प्रश्न बाइबलमा दिक्कको चित्कार भनेर उल्लेख गरिएको छ (भजन १३:१, यर्मीया १२:४)। शङ्कटबाट मुक्त हुन त्यस वक्ता चाहेको थियो भनेर त्यस प्रश्नले आभास दिंदछ।

येशू जन्मनु भन्दा सातसय वर्ष पहिलेका हबकूकले आफ्नो समाजमा भइरहेको यत्रतत्र सर्वत्र हिंसालाई रोक्न परमेश्वरसँग पुकारा गर्दछन्। हिब्रू भाषाको प्राथमिक  हिंसा शव्द हामास (hamas) हो। हबकूकको पुस्तकमा त्यो शव्द छ पल्ट प्रयोग गरिएका छन्। अरूप्रति शारीरिक

र नैतिक हानी गरेको कुरालाई बुझाउन त्यस शव्द प्रयोग गरिन्छ (उत्पत्ति ६:११)।

हबकुक परमेश्वरको अगमबक्ता भएको कारणले परमेश्वर कस्तो खालको न्यायमूर्ति हुनुहुन्छ भन्ने उनलाई स्पष्ट रूपमा थाहा थियो। उचित न्यायप्रति अत्यन्त गम्भिर हुनुभएकोले अन्याय, अत्याचार, अनुचित र पक्षपात व्यवहारप्रति परमेश्वर अत्यन्त वाक्क हुनुहुन्छ, सो कुरा हबकुकले महशूस गरेका थिए। त्यसले गर्दा आफ्नो देशमा भइरहेको अन्याय, अत्याचार, हिंसा, शोषण, गद्दारी, भ्रष्ट चरित्र आदिलाई परमेश्वरले किन निरन्तरता दिइरहनु भएको छ भनेर अगमवक्ताले चासो देखाएका थिए। जतातते बिधिको शासनको धज्जी उडाएको र हत्या हिंसाले प्राथमिकता पाएको उनले हेरिरहेका थिए। दुष्ट, भ्रष्ट चरित्र भएको, स्वार्थी, शोषक, हेपाहा, पक्षपाती, सामन्ती मनस्थिति भएका मानिसहरूले सदाचारी, धर्मपरायण, सोझो आदि मानिसहरूलाई थिचोमिचो गरिरहेकोले अगमवक्तालाई पिडा भइरहेको थियो। अगमवक्ता आमोसको पालोमा (आमोस २:६-८) जस्तै जसको लट्ठी उसको भैंसी भन्ने मनस्थितिले बलियाहरूको दिमागमा घोडा चडिरहेको थियो। अधिकार पाएका वा बलिया व्यक्तिहरूले कानूनलाई वेवास्ता गरिरहेका थिए। के आजको परिप्रेक्ष्यमा पनि ती चरित्र कुनै नौलो छ त?

हबकुकलाई परमेश्वरले दिनुभएको जवाफले उहाँ मानव आविश्कार पत्थरको देवता होइन र समाज अर्थात् देशमा भइरहेका दुष्चरित्रप्रति उहाँ आँखा सधैं आँखा चिम्लेर बस्नुहुन्न भनेर देखाउँछन्। उहाँको भविष्यको योजना के छ सो अगमबक्तालाई देखाउनुहुन्छ। ती मानिसहरूलाई दण्ड दिन बेबिलोनका (आधुनिक इराक) फौजहरूलाई परमेश्वरले प्रयोग गर्नुहुनेछ भनेर उहाँले अगमवक्तालाई जानकारी दिनुभएको थियो। परमेश्वरको त्यस घोषणाले हबकुकलाई छक्क पारेको थियो। आफ्ना यहूदाका नागरिकहरूलाई दण्ड दिनलाई त्यस निष्ठुर, निर्दयी फौजलाई परमेश्वरले प्रयोग गर्नुहुनेछ भन्ने कुरालाई उनले अपेक्षा गरेका थिएनन्। चितुवा, ब्वाँसो र चिलसँग बेबिलोनी साम्राज्यका फौजहरूलाई पद ८मा तुलना गरिएको छ। आफूले पक्रेका शिकारहरूलाई द्रुत गति र बल प्रयोग गरेर भयानक मृत्यु ल्याउन ती तिन जन्तुहरू खप्पिस थिए।

आफूले प्रयोग गर्ने निर्दयी, आतङ्कारी र त्रासपूर्ण नितिलाई बेबिलोनले कसैलाई जवाफ दिनुपर्दैनथ्यो। मानव मूल्यता अर्थात् उसले पाएको जीवनको मौलिक निति वा अधिकारलाई बेबिलोनको फौजले टुक्राटुक्रा गर्दथे। आफ्नो क्रोधलाई साम्य पार्न बेबिलोनका फौजहरूलाई युद्धको गदाको रूपमा प्रयोग गर्ने निधो परमेश्वरले गर्नुभएको थियो (यशैया १९:५)। त्यो दण्ड कुनै भविष्यमा नभएर आफ्नै जीवनकालमा हुनेछ भन्ने जानकारीले हबकुलाई (हबकुक १:५) आततायी बनाएको थियो। उनको दिमागमा परमेश्वरको न्यायको बारेमा ठूलो प्रश्न चिन्ह खडा भएको थियो।

**हबकुकको समय भन्दा हाम्रो समय केही फरक भएको देखिन्दैन। अन्याय, अत्याचार, दुराचार, खराब, दुष्टता, स्वार्थी नियतले लम्पट भएका अगुवा आदिहरूको बाहुल्यताको संसारमा पनि परमेश्वरको न्याय, सदाशयता, उदारतामा भरपर्न हामीले कसरी सिक्ने? त्यसप्रति के तपाईंको चित्तबुझ्दो जवाफ छ?**

## २. विश्वास अर्थात् परमेश्वरमा आस्थावान भएर जीउनु (हबकुक २:२-४)

हबकुकले गरेको प्रश्नलाई परमेश्वरले दिनुभएको जवाफले झन उनलाई अन्यौल पारेको हबकुक १:१२-१७ले देखाउँछः के धर्मी तथा न्यायी परमेश्वरले आफ्ना जनहरूलाई दण्ड दिन दुष्ट, निर्दयी, आतङ्ककारी, अधर्मी फौजलाई प्रयोग गर्नुहुनेछ र? के इस्राएलीहरू बेबिलोनका मानिसहरू भन्दा धर्मी छैनन् र? हबकुकले पद १७मा गरेको प्रश्नमा परमेश्वरको न्यायप्रति प्रश्न चिन्ह खडाभएको देखिन्न। त्यसमा यसरी व्यक्त गरिएको छः "**के बेबिलोनीहरूले सधैंभरि जाति-जातिका मानिसहरूलाई जालमा पक्रेर दया नदेखाई मारिरहने छन् त?**" (हबकुक १:१७)।

इस्राएल भन्दा झन खराब भएको देशले आफ्नो देशको न्याय गर्नेछ भन्ने कुरालाई हबकुकलाई द्विभिधामा पारेको थियो। आफ्ना देशवासीहरूका पाप र अधर्मको बारेमा अगमवक्तालाई थाहा थियो। तर प्रकृति पूजक र मानव आवश्कारी मूर्ती देवीदेवताहरूलाई पूजा गर्ने बेबिलोनीहरू जस्तै उनका मानिसहरू त्यस्तो दुष्ट र अधर्मी थिएन भन्ने कुरामा अगमवक्ता विश्वस्त थियो।

तर हामी सबैलाई आशाको किरण झल्काउने पद हबकुक २:२-४मा दिएको पदलाई हामीले कसरी आत्मसात् गर्ने: " तब परमप्रभुले मलाई जवाफमा भन्नुभयो, "तिमीले यो प्रकाश पाटीहरूमा प्रष्ट गरी लेख्, र समाचारवाहक त्यससित दौड्न सकोस्। ३ किनकि प्रकाश ठहरिएको समय पूरा हुनलाई पर्खिरहेछ। त्यसले अन्तको विषयमा बताउँछ र त्यो झूटो ठहरिनेछैन। त्यो पूरा हुन ढिलो भए तापनि त्यसको प्रतीक्षा गर्दैबस्, किनभने त्यो निश्चय नै पूरा हुनेछ, त्यसले ढिलो गर्नेछैन। ४ "हेर, त्यो घमण्डले फुलिएको छ, त्यसका इच्छाहरू सोझा छैनन्— तर धर्मीचाहिँ आफ्नो विश्वासद्वारा जिउनेछ।"

बाइबलले प्रस्तुत गरेका विभिन्न महत्त्वपूर्ण पदहरूमा हबकुक २:२-४ पनि अत्यन्त उल्लेखनीय पद मानिएको छ। सारा सुसमाचारको सत्य अर्थ पद ४ले बताउँछ। प्रोटेस्टेन्ट रिफोरमेशन अर्थात रोमन क्याथोलिकको खिलाफमा अग्रसर भएको इसाई सुधारवादी नव जागरणलाई उर्जा दिन पद ४लाई प्रयोग गरिएको थियो। विश्वको इसाई इतिहासमा इसाईहरूलाई दुई खेमामा विभाजित गरि रोमन क्याथोलिक चर्च र प्रोटेस्टेन्ट चर्च भनेर चिनाउने आधारशीला नै त्यस पद ४लाई मानिएको छ। त्यही पदको ज्ञानले इसाई सुधारवादीको सुरू भएको थियो भन्न सकिन्छ। (पन्द्रहौं शताव्धीमा रोमन क्याथोलिक चर्चका धर्मगुरू मार्तिन लुथरले आफ्नो पाप पखाल्न रोममा रहेको लामो सिँधी घुँडा टेकेर उक्लन्दै थिए। अनि बिच बाटोमा नै, "धर्मीहरू विश्वासद्वारा जीउनेछ" भन्ने हबकुकको वचन उनको मनमा तिरले जस्तै घोच्यो। अनि तिनी जुरूक्क त्यहिँबाट उठेर रोमन क्याथोलिक चर्चले अपनाएका विभिन्न धार्मिक विधिहरू र पोपलाई येशूको अवतार मान्ने चलनको खिलाफमा भिँड्न उनले अठौत् गरेको थियो)। जब हामी येशू ख्रीष्टलाई विश्वास गर्दछौं र उहाँलाई हाम्रो मुक्तिदाता भनेर स्वीकार्दछौं तब येशूको धार्मिकताको पोसाक परमेश्वरले हामीलाई पहिऱ्याई दिनुहुन्छ। उहाँको धार्मिक जीवन हाम्रो हुनेछ। येशूधर्मको गरिमामय विद्या नै कुनै धर्मकर्म वा कर्मकाण्डले हामीलाई मुक्ति दिँदैन, हाम्रो पाप मोचन हुँदैन अर्थात् हामी दोषमुक्ति हुँदैन बरू विश्वासबाट परमेश्वरको सामु धर्मी ठहरिन्छौं हो।

मुक्तिको बाटो पहिल्याउने विद्याको सार त्यस पद ४ हो। हामीहरूको असल आचरण, असल धार्मिक क्रियाकलाप वा धार्मिक

**संस्कारको पालन गर्ने परम्परा, विभिन्न अथक प्रयासद्वारा स्वामी बनेर धर्मात्मा वा सन्त हुने वा देखाउने आदिहरूबाट परमेश्वरको सामु हामी धर्मी ठहरिन्दैनौं भन्ने बाइबलको शिक्षादिक्षा छ। त्यही पदलाई नयाँ करार अर्थात् येशूपछि लेखिएका बाइबलका उल्लेखनीय लेखक पावलले पूर्ण समर्थन देखाएका थिए भनेर देहायका पदहरूले देखाएका छन्ः रोमी १ः१७, गलाती ३ः११, हिब्रू १०ः३८। (पढ्नुहोस्)।**

दुष्ट, अन्यायी, अत्याचार र मुक्तिको बारेमा जिल्ल परेका हबकुकलाई विश्वासी अर्थात् धर्मी र अहङ्कारीको बीचमा के स्पष्ट फरक रहेछ भनेर देखाउन हबकुक २ः४ले आँखा खुलाएको थियो। ती दुवैको आत्म निर्णयले तिनीहरूको भविष्य निर्धारण हुन्छः अहङ्कारीको जीवन असफलको जीवन हो भने धर्मीले परमेश्वरमा आस्था राखेर अर्थमूलक जीवन बिताउँछ। हिब्रू भाषामा विश्वास अर्थात् परमेश्वरमात्र आस्था राखेर हिंडने गुणलाई इम्युना (‘emuna) भन्दछन्। त्यसको अर्थ आफ्नो धर्मकर्म आदिद्वारा मुक्ति पाएको जीवन बिताउँदैछुँ भन्ने कुरामा ढुक्क नभएर परमेश्वरकै विश्वासमा अडिग रहनु हो। त्यसको फलस्वरूप विश्वासीको क्रियाकलापले उनी परमेश्वरमा आस्थावान जीवन बिताइरहेको रहेछ भनेर देखाउँछ। परमेश्वरको विश्वासी वा सत इसाई उनकै कामद्वारा झल्काउँछ। त्यस्तो व्यक्तिले अनन्त जीवनको बाचामा आफू हिंडिरहेको महशूस हुन्छ किनकि त्यसैलाई परमेश्वरले अनन्त जीवनको वाचा दिनुहुन्छ।

## ३. सारा पृथ्वी भरिनेछ (हबकूक २)

“१ म मेरो पहरा दिने किल्लामा चढ्नेछु र परमप्रभुले मलाई के भन्ने आज्ञा दिनुहुन्छ र मेरो गुनासोको के उत्तर दिनुहुन्छ पर्खनेछु। २ परमप्रभुले मलाई यो उत्तर दिनुभयो, “म तँलाई के देखाउँछु, त्यो एउटा माटोको पाटीमा सफा गरी लेख् र एक नजरमा त्यो पढ्न सकियोस्। ३ यो लेख् किनभने यो पूरा हुने समय अहिले होइन। तर त्यो समय चाँडै आउँदै छ र मैले देखाएको कुरा पूरा हुनेछ। त्यो समय आइपुग्न ढिलो होला तर पर्खी बस्, त्यो समय निश्चय आउनेछ र साह्रै ढिलो हुनेछैन। ४ अनि त्यो कुरा यही हो ‘दुष्टहरू बाँच्नेछैनन् तर धर्मीहरू परमेश्वरप्रति विश्वास गरेकाले बाँच्नेछन्।” ५ धन-सम्पत्तिले धोका दिन्छ। लोभीहरू अहङ्कारी र अधीर हुन्छन्, मृत्युझैं

तिनीहरू कहिल्यै अघाउँदैनन्। यसैले तिनीहरूले आफ्ना लागि एउटापछि अर्को गर्दै धेरै जातिहरूमाथि विजय गर्छन्। ६ हारेका मानिसहरूले जित्ने मानिसहरूको गिल्ला गर्नेछन् र तिनीहरूको अनादर गर्नेछन्। तिनीहरूले यसो भन्नेछन्, "जे थोक आफ्नो होइन, त्यो तिमीहरू लिन्छौ तर तिमीहरूको नाश हुनेछ! ऋण लिनेहरूलाई बल जफ्ती ऋण चुक्ता गर्न लाएर कहिलेसम्म तिमीहरू धनी हुँदै जाने हौ?"
७ एक्कासि तिमीहरूबाट ऋण लिनेहरू खडा हुनेछन् र शत्रुहरू आएर तिमीहरूलाई थरथर पार्नेछन्। तिनीहरूले तिमीहरूलाई लुट्नेछन्। ८
तिमीहरूले धेरै जातिका मानिसहरूलाई लुटेका छौ तर अब जो-जो बाँचेका छन्; तिनीहरूले तिमीहरूलाई लुट्नेछन् किनभने तिमीहरूले हत्या गरेका छौ र यस पृथ्वीका मानिसहरू र सहरहरूका विरुद्धमा हिंसा गरेका छौ। ९ तिमीहरू नाश हुनेछौ! तिमीहरूले हिंसा गरेर लिएका कुराले आफ्ना परिवारलाई धनी तुल्याएका छौ र आ-आफ्ना घर नोक्सान र खतराबाट सुरक्षित बनाउने चेष्टा गरेका छौ। १० तर तिम्रा जुक्तिहरूले तिम्रा परिवारलाई लाजमा पारेका छन्। धेरै जातिहरूलाई नाश पारेर तिमीहरूले आफैंमाथि सर्वनाश ल्याएका छौ।
११ भित्ताका ढुङ्गाहरू पनि तिमीहरूका विरुद्धमा चिच्च्याउँदछन् र दलिनका काठहरूले पनि त्यो दोहोऱ्याउँछन्। १२ तिमीहरू नाश हुनेछौ! तिमीहरूले अपराधमाथि सहरको जग बसाल्यौ र हत्याद्वारा त्यसलाई बनायौ। १३ तिमीहरूले अधीन गरेका जातिहरूले व्यर्थका परिश्रममा आफ्ना बल लाएर थाके र तिनीहरूले बनाएका जति सबै आगोको ज्वालामा खरानी हुनेछन्। सर्वशक्तिमान् परमप्रभुले यसो गर्नुभएको हो। १४ तर समुद्र जसरी पानीले भरिएको छ, त्यसरी नै यो पृथ्वी परमप्रभुको महिमाको ज्ञानले भरिभराउ हुनेछ। १५ तिमीहरू नाश हुनेछौ! आफ्ना झोकमा तिमीहरूले आफ्ना छिमेकीहरूलाई बदनाम गऱ्यौ र होच्यायौ। तिनीहरूलाई मद्यले मातेका झैं लरबराउने पाऱ्यौ।
१६ अब तिमीहरूको पालो आउनेछ, तिमीहरू इज्जतको सट्टामा लाजमापर्नेछौ। तिमीहरू आफैं मातेर लरबराउनेछौ। तिमीहरूलाई परमप्रभुले तिमीहरूका दण्डको कचौरा पिउन लाउनुहुनेछ र तिमीहरूको इज्जत बेइज्जतमा परिणत हुनेछ। १७ तिमीहरूले लेबनानका जङ्गलहरू फाँडेका छौ, अब तिमीहरू फाँडिनेछौ। तिमीहरूले त्यहाँका पशुहरू माऱ्यौ, अब पशुहरूले तिमीहरूलाई भयभीत पार्नेछन्।

तिमीहरूले गरेका हत्या र यस पृथ्वीका मानिसहरू र सहरहरूका विरुद्धमा गरेका हिंसाको कारणले यो कुरा पूरा हुनेछ। १८ मूर्ति के काम लाग्छ र? त्यो त मानिसले बनाएको वस्तु मात्र हो र त्यसले झूटबाहेक अरू केही बताउँदैन। यसमा भरोसा गर्नेले आफैंले बनाएको मूर्तिमा भरोसा गरेको हुन्छ, त्यो बोल्न पनि नसक्ने मूर्ति मात्र त हो! १९ तिमीहरू नाश हुनेछौ! तिमीहरूले काठको टुक्रालाई "ए, उठ्" वा ढुङ्गाको टुक्रालाई, "खडा हो!" भन्छौ। के एउटा मूर्तिले केही कुरा तिमीहरूलाई बताउन सक्छ? त्यसलाई सुन र चाँदीले मोहोरेको हुन सक्छ तर त्यसमा सास त छैन।" हबकूक २।

**हबककूको प्रश्नलाई परमेश्वरले हबकूक १:१७मा दिनुभएको जवाफले अध्याय २मा पनि निरन्तरता दिएको पाउँछौं। अहँकारी, सामन्ती, शोषक वा अरूलाई थिचोमिचो गरेर आफू माथि आउन खोज्ने व्यक्तिहरूको उपहास गर्दै हबकूकले गीतको रूपमा त्यस अध्याय लेखेका छन्। त्यस्ता मानिसहरूले कमसेकम पाँच विपत्ती अर्थात् पीडाहरू भोग्नेछन् रे (हबकूक २:६,९,१२,१५,१९)। त्यसको अर्थ परमेश्वरका जनहरूलाई अन्याय गर्ने निष्ठुरी बेबिलोनको पतन हुने निश्चित भएको देखाउँछ। त्यस सभ्यता अर्थात् शक्तिलाई नाश गर्न त्यसमाथि मोहर लगाइसकेको छ। आफूले मच्चाएको अन्याय, अत्याचार, आतङ्कको कारण शत्रुहरू नाश हुनेछ। जुन दुष्ट र दुराचारीहरूले आफ्ना शिकारहरूलाई व्यवहार गरेका थिए त्यही व्यवहार तिनीहरूमाथि पनि आइपर्नेछ। अरूलाई खनेको खाल्दोमा तिनीहरू आफै पर्नेछन्। आफ्ना सफलता वा उपलव्धी, शान, यश, वा गौरवतामा मानिसहरू जतिसुकै अहँता देखाएतापनि तिनीहरूले परमेश्वरको उपहास गर्न सक्दैनन् (गलाती ६:७)।**

**अरूलाई थिचोमिचो गर्ने दमनकारीहरूको न्याय स्वयं परमप्रभु सनातनका परमेश्वरले गर्नुहुनेछ। तर धर्मीहरूलाई ख्रीष्टद्वारा अनन्त जीवनको प्रतिज्ञा दिइएको छ। यस संसारमा धर्मीहरूलाई जे भएतापनि त्यसको पर्वाह छैन। संसारको अन्तको समयमा परमेश्वरका धर्मी, विश्वासी, बफादारी जनहरूको चरित्र प्रकाशको पुस्तकमा दिइएको छ। तिनीहरू "धैर्यताले सम्पन्न भएका सन्तहरू हुन्" भनेर तिनीहरूको सराहना गरिएको छ (प्रकाश १४:१२)। यथार्थमा भन्ने हो भने परमेश्वरले गर्नुहुने न्यायको निम्ति उहाँका भक्तहरू धिरजसाथ आस्थवान**

**भएर बस्नेछन्। उहाँले गर्नुहुने न्याय येशूको दोस्रो आगमनमा मात्र भएतापनि तिनीहरूले आफ्नो धैर्यता गुमाउने छैन।**

हबकूकले जुन् प्रश्नहरूसँग संघर्ष गरिरहेका थिए त्यो बुझ्न हिब्रू ११:१-१३ले बुझ्न हामीलाई सहायता गर्दछन्, हेर्नुहोस्: "१ विश्वास गर्नु भनेको आशा गरेको कुरामा ढुक्क हुनु र नदेखेको कुरामा पक्का भरोसा गर्नु हो। २ तिनीहरूको विश्वासद्वारा नै उहिलेका मानिसहरूलाई परमेश्वरले मन पराउनुभयो। ३ परमेश्वरकै वचनले संसारको सृष्टि भयो र नदेखिने कुरा देखिने भयो भनी हामी विश्वासले नै बुझ्न सक्छौं। ४ विश्वासको भरमा नै हाबिलले परमेश्वरलाई कयिनले भन्दा राम्रो बलिदान चढाए। विश्वासकै भरमा उनी परमेश्वरका सामु धर्मी ठहरिए र उनले चढाएको बलि परमेश्वरलाई मन पर्‍यो। हाबिल मरिसकेका भए पनि विश्वासले गर्दा उनले अझै हामीलाई शिक्षा दिन्छन्। ५ विश्वास गरेकोले नै हनोकले मृत्यु चाखेनन् तर उनी परमेश्वरकहाँ उठाई लगिए र कसैले उनलाई भेट्टाएन। धर्मशास्त्रले भन्छ, "उनी विश्वासले नै परमेश्वरका मन पर्दा भएका थिए र उहाँकहाँ लगिए।" ६ विश्वास नगरीकन कसैले पनि परमेश्वरलाई खुसी बनाउन सक्दैन किनभने परमेश्वरकहाँ आउनेहरूमा त विश्वास हुनैपर्दछ। परमेश्वर हुनुहुन्छ र उहाँको खोजी गर्नेहरूलाई उहाँले इनाम दिनुहुन्छ भनेर विश्वास गर्नुपर्दछ। ७ विश्वास गरेर नै नोआले परमेश्वरको चेतावनीलाई सुने। देख्दै नदेखिएको तर पछि हुने कुराको बारेमा परमेश्वरले उनलाई भन्नुभएको थियो। उनले परमेश्वरले अह्राउनुभएको कुरालाई मानेर एउटा ठूलो काठको जहाज बनाए अनि त्यसमा पसेर आफ्ना परिवारलाई बचाए। यसरी विश्वास गरेर उनले संसारको भुल देखाइदिए। आफूचाहिँ परमेश्वरका धर्मी जन ठहरिए। ८ विश्वास गरेर नै अब्राहामले परमेश्वरले भन्नुभएको माने। परमेश्वरले उनलाई बोलाएर आफूले प्रतिज्ञा गर्नुभएको देशमा जानू भनेर अह्राउनुभयो। कहाँ जाने थाहै नभई उनी आफ्नो देश छोडेर हिंडे। ९ विश्वासकै भरमा परमेश्वरले उनलाई प्रतिज्ञा गर्नुभएको बिरानो देशमा अब्राहाम गए अनि परदेशीझैं पाल टाँगेर बसे। त्यसै गरी परमेश्वरले इसहाक र इसहाकका छोरा याकूबलाई पनि प्रतिज्ञा गर्नुभयो र उनीहरू पनि त्यसै गरी बसे। १० अब्राहामले त परमेश्वर आफैंले योजना गरेर सधैंभरि रहने जगमा बनाउनुभएको सहरलाई पो पर्खिरहेका थिए। ११ विश्वासकै भरमा अब्राहाम धेरै बुढो भएर पनि बुबा बन्न सके। सारा

पनि सन्तान हुनै नसक्ने गरी बुढी भइसकेकी थिइन्। तैपनि अब्राहामले परमेश्वरले आफ्नो प्रतिज्ञा पूरा गर्नुहुन्छ भनेर विश्वास गरे। १२ बुढो भएर मर्न लागेको एक जना मानिसबाट आकाशका ताराझैं धेरै अनि समुद्रका बालुवाझैं गन्नै नसकिने गरी सन्तान भए। १३ यी सबै मानिसहरू विश्वास गरेर मरे। परमेश्वरले दिन्छु भनेर प्रतिज्ञा गर्नुभएको कुरा तिनीहरूले पाएनन्। तैपनि परमेश्वरले गर्नुभएको प्रतिज्ञालाई तिनीहरूले टाढैबाट देखे अनि स्वागत गरे। तिनीहरूले आफूलाई यस पृथ्वीमा बाटो हिंड्ने परदेशी र शरणार्थी सम्झे।"

**हबकूकले गरेका प्रश्नहरूको अन्तिम जवाफमा उहाँले भन्नुहुन्छ कि उहाँ आफ्ना जनहरूसँग सधैं साथमा हुनुहुन्छ। झत्त हेर्दा आमजनताको सामु गलतै देखिएतापनि परमेश्वरको उपस्थितिमा हामी भर पर्नुपर्छ र उहाँले गर्नुहुने न्यायमा ढुक्क हुनुपर्दछ। हबकूको सन्देश त्यही हो। बाइबलमा प्रस्तुत गरेका सबै भविष्यवाणीहरूको निचोड त्यही हो। परमेश्वरको अपरिवर्तनीय चरित्र अर्थात् पवित्र स्वभावममा हामी हरदम भर परिरहनुपर्दछ भन्ने सन्देश हबकूक र अरू सबै अगमवक्ताहरूले दिएकाछन्।**

**“आफ्नो विश्वास वा आस्था र मानिसहरूका विश्वास वा आस्थाले गर्दा भयानक प्रतिकूल परिस्थितिमा हबकूकलाई बल र आशा मिलेका थिए। त्यही आस्था वा विश्वासले वर्तमान परमेश्वरका भक्तहरूलाई पनि टेवा दिइरहेकाछन्। अत्यन्त अन्धकारको सुरुङ्गमा पस्नु परेको बेलामा, अत्यन्त जटिल परिस्थितिहरूको सामना गर्नुपर्ने समयमा, येशूभक्तहरूले आफ्नो नजर परमेश्वरको ज्योति र शक्तिमा राखिरहनुको विकल्पछैन। परमेश्वरमाथि आस्था र भरोसा राखेर येशूभक्तले साहस र आशालाई दिनदिनै नविकरण गर्न सकिन्छ।"-एलेन जी ह्वाइट, प्रोफेटस् एण्ड किङ्गस्, पृ. ३८६, ३८७बाट रूपान्तरित।**

## ४. परमेश्वरको किर्तिलाई सम्झनु (हबकूक ३)

हबकूकले जस्तै हामीले पनि जटिल प्रश्न गरिरहेको र कठिन परिस्थितिको सामना गरिरहेको बेलामा उनको प्रतिवद्धता के हो? त्यो हामीले पनि आत्मसात् गर्नु किन जरुरी छ? उनले के भनिरहेकाछन्, हेर्नुहोस् हबकूक ३, “१ यो हबकूक अगमवक्ताको प्रार्थना होः २ हे परमप्रभु! मैले तपाईंको कामको बारेमा सुनेको छु र म अचम्मित भएँ। तपाईंले गर्नुभएका ती महान् कार्यहरू हाम्रो समयमा अब फेरि गर्नुहोस्।

रिसाउनुहुँदा पनि हामीप्रति कृपालु हुनुहोस्। ३ परमेश्वर फेरि
तेमानबाट आउँदै हुनुहुन्छ, पवित्र परमेश्वर पारानका डाँडाहरूबाट
आउँदै हुनुहुन्छ। उहाँको महिमाले स्वर्ग ढाकिन्छ, पृथ्वी उहाँको
प्रशंसाले भरिएको छ। ४ उहाँ बिजुलीको ज्योतिसित आउनुहुन्छ,
उहाँको हातबाट प्रकाश चम्कँदछ, त्यहीं उहाँको शक्ति लुकेको छ। ५
आफ्नो अघि-अघि उहाँले महामारी पठाउनुहुन्छ र मृत्युलाई आफ्नो
पछि-पछि आउने आज्ञा गर्नुहुन्छ। ६ उहाँ खडा हुँदा पृथ्वी हल्लन्छ,
उहाँको नजर पर्दा जाति-जातिका मानिसहरू काँप्दछन्, सनातनका
पर्वतहरू टुक्रा-टुक्रा हुँन्छन्, अनन्तका डाँडाहरू भासिन्छन्, जुनचाहिँ
अनादिदेखि उहाँ हिंड्ने मार्ग हो। ७ मैले कूशनका मानिसहरूलाई
डराएका देखें, मिद्यानका मानिसहरू काँपेका देखें, ८ हे परमप्रभु! के
नदीहरूले तपाईंको क्रोधलाई जगाएका थिए? के समुद्रले गर्दा तपाईं
रिसले चुर हुनुभएको थियो?

तपाईं बादलमा सवारी हुनुहुन्थ्यो। तपाईंले आफ्ना प्रजालाई
विजय दिनुहुँदा आँधी ल्याउने बादल तपाईंको रथ थियो। ९ तपाईंले
आफ्नो धनु चलाउन निकाल्नुभयो, वाणहरू हान्ने तयारी गर्नुभयो।
तपाईंले नदीहरूद्वारा पृथ्वी चिर्नुभयो। १० तपाईंलाई देखेर पर्वतहरू
थरथर काँमे, आकाशबाट अविरल वर्षा भयो। सागरको पानीबाट गर्जन
भयो र तिनीहरूका छालहरू अग्ला-अग्ला उठे। ११ तपाईंको
चम्किलो भालाको झलक र वेगले उडेको वाणका चमकले गर्दा सूर्य र
चन्द्र आफ्ना आकाशमा टक्क अडिए। १२ आफ्नो रिसमा लम्कँदै
तपाईंले पृथ्वी वारपार गर्नुभयो, आफ्नो क्रोधमा जाति-जातिहरूलाई
कुल्ची-मिल्ची गर्नुभयो, १३ आफ्ना प्रजालाई र आफूले चुनेको राजालाई
बचाउन तपाईं निस्की आउनुभयो, तपाईंले दुष्टहरूका अगुवालाई
हिर्काएर लडाउनुभयो र त्यसका पछि लाग्नेहरूलाई पूरा नाश गर्नुभयो।
१४ गरीबहरूलाई गुप्तमा थिचोमिचो गर्दै रमाउनेहरूझैं हामीलाई
छरपष्ट गर्न आँधीझैं आउने सेनाका सेनापतिलाई तपाईंका वाणहरूले
छेडे। १५ तपाईंका घोडाहरूले समुद्रलाई कुल्चे, शक्तिशाली समुद्रमा
फिँज उठ्यो। १६ मैले यी सबै सुन्दा मेरो मुटु काँप्दछ। डरले मेरा
ओठहरू थरथराउँछन्। मेरा हड्डीहरू गलिजान्छ, मेरा खुट्टाहरू
काँप्दछन्। म त्यस समयलाई चुपचाप पर्खिरहनेछु, जब परमेश्वरले
हामीमाथि हमला गर्नेहरूलाई दण्ड दिनुहुनेछ। १७ चाहे नेभाराको
रूखमा मुना नलागोस् र दाखका बोटहरूमा अङ्गुर नफलोस्, जैतुनको

बोटमा फल नफलोस्, र खेतमा अन्न नउब्जोस्, खोरमा भेडा-बाख्रा नभए पनि र गोठमा गाई-वस्तुहरू रहेनन् भने पनि १८ मचाहिँ परमप्रभुमा रमाउनेछु र आनन्द मनाउनेछु किनभने परमप्रभु परमेश्‍वर मेरा उद्धारकर्त्ता हुनुहुन्छ। १९ सार्वभौम परमप्रभु मेरो बल हुनुहुन्छ, उहाँले मेरा खुट्टाहरू हरिणका खुट्टाहरूझैं छिटो बनाउनुहुन्छ
र पर्वतहरूमाथि मलाई कुशल राख्नुहुन्छ।"

हबकूकले परमेश्वरको मार्गलाई प्रार्थनाद्वारा स्वीकार्दै गीत गाएर व्यक्त गर्दछन् (हबकूक ३:१९)। परमेश्वरको शक्तिको बारेमा उनलाई थाहा थियो। त्यसकारण जब न्यायलाई परमेश्वरले कार्यान्वन गर्न थाल्नुहुन्छ तर उहाँको दया र सदाशयतालाई सम्झियोस् भनेर अगमवक्ताले अनुरोध गर्दछन्। विगत समयमा परमेश्वरले गर्नुभएको महान् कार्यहरूको सम्झना गर्दछन्। अब अहिले पनि उहाँले ल्याउने उद्धार आओस् भनेर उनले विन्ति गर्दछन्। हबकूक भूत र भविष्यको दोसाँधमा उभिएको त्यस कार्यले देखाउँदछ। प्रस्थानको पुस्तकमा लेखिएको आफ्ना जनहरूको निम्ति परमेश्वरले सम्पन्न गर्नुभएको महान् कामहरूको बारेमा उनले पछाडि फर्केर हेर्दछन्। त्यसैलाई आधार मानेर उनले भविष्यमा हुने परमेश्वरको दिनको बारेमा सोच्दछन्। परमेश्वरको उपस्थिति र शक्ति भूत र भविष्यमा मात्र नभएर अहिले नै उनले अनुभव गर्न चाहेको व्यक्त गर्दछन्।

इस्राएलीहरूलाई इजिप्त अर्थात् मीश्रदेशको दासत्वबाट कसरी छुट्कारा गरेर ल्याउनु भो भनेर हबकूकले अध्याय ३मा भजनद्वारा परमेश्वरको मुक्तकंठले प्रशंसा गर्दछन्। प्रस्थानको समयमा के भएको थियो त्यो यथार्थमा परमेश्वरले ल्याउने महान् न्यायको दिनको नमूना थियो। परमेश्वरमा आस्थावान, निष्ठावान भएर धार्मिक जीवन यापन गर्ने भक्तजनहरूले परमेश्वरको दिनको बारेमा चिन्ता गर्नुपर्दैन भनेर त्यस भजनले देखाउँदछ। बरू तिनीहरूमा भएको आशाले गर्दा तिनीहरू धैर्यतासाथ पर्खेर बस्नु पर्दछ र प्रसन्न मुद्रामा तिनीहरूको मनस्थितिलाई ढालिराख्नु पर्दछ।

परमेश्वरको शक्ति, महिमा र विजयी स्वभावको कीर्ति त्यस भजनले व्यक्त गर्दछ। सारा पृथ्वीको सच्चा राजा परमेश्वर नै हुनुहुन्छ भनेर त्यस भजनले वयान गर्दछ। परमेश्वरको महिमा सूर्योदयको उज्यालोसँग हबकूकले तुलना गर्दछन् (हबकूक ३:४)।

आफू भन्दा कमजोर राष्ट्रहरूलाई आतङ्कित पार्दै क्रुरता देखाउने राष्ट्रहरूलाई परमेश्वरले बाँकि राख्नुहुन्न। फेरि त्यसैवखत “उद्धारको रथद्वारा" (हबकूक ३:८) आफ्ना जनहरूलाई उद्धार गर्नुहुनेछ। बाहिरबाट वा वर्तमान अवस्थामा प्रत्यक्ष्यरूपमा परमेश्वरको शक्ति र क्रियाकलाप सधैं नदेख्ला। तर परमेश्वरमा अडिग भएर बस्नेहरूले उहाँको उपस्थित सधैं भएको तिनीहरूले अनुभव गरिरहेको हुन्छ। परमेश्वरले ल्याउनुहुने उद्धारको अपेक्षा गर्दै त्यतातिर आँखा लगाइराख्नु भनेर हबकूकले हामीलाई आह्वान गर्दछन्। त्यसबेला उहाँले यस पृथ्वीमा उहाँको धार्मिकताको स्थापना गर्नुहुनेछ र सारा संसार उहाँको महिमा र यशले भरिनेछ।

परमेश्वरका जनहरू मिलेर उहाँको स्तुती गाउँदा एक आफसमा उत्साह पाउँदछ (एफिसी ५:१९,२०, कलस्सी ३:१६)। भजनद्वारा परमेश्वरको विगतका कामहरू सम्झनुपर्दछ र महिमित भविष्यमा आशावादी भएर हामीहरूको आत्मिक जीवनलाई अघि बढाउनुपर्दछ। आउने आशामा निरन्तररूपमा दृष्टिगत गरि कसरी जीउनुपर्दछ भनेर आफ्नो अनुकरणीय उदाहरणद्वारा हबकूकले हामीलाई देखाएका छन्।

विगत समयहरूमा परमेश्वरले तपाईंलाई कसरी अगुवाइ गर्नुभएको छ, त्यसको बारेमा सोच्नुहोस्। तत्काल भविष्यले जे ल्याएतापनि परमेश्वरमाथि विश्वास राख्दै र उहाँको सदाशयतामा निर्भर भएर बस्न तपाईंको विगतको यादले कसरी सघाउँछ? हाम्रो निम्ति पर्खिरहेको अनन्तको भविष्य र यस युगको अन्त्यको बारेमा सोचिरहनु हाम्रो निम्ति किन फायदाजनक हुन्छ?

## ५. परमेश्वर हाम्रो बल हुनुहुन्छ (हबकूक ३:१७-१९)

“१७ चाहे नेभाराको रूखमा मुना नलागोस् र दाखका बोटहरूमा अङ्गुर नफलोस्, जैतुनको बोटमा फल नफलोस्, र खेतमा अन्न नउब्जोस्, खोरमा भेडा-बाख्रा नभए पनि र गोठमा गाई-वस्तुहरू रहेनन् भने पनि १८ मचाहिँ परमप्रभुमा रमाउनेछु र आनन्द मनाउनेछु किनभने परमप्रभु परमेश्वर मेरा उद्धारकर्त्ता हुनुहुन्छ। १९ सार्वभौम परमप्रभु मेरो बल हुनुहुन्छ, उहाँले मेरा खुट्टाहरू हरिणका खुट्टाहरूझैं छिटो बनाउनुहुन्छ र पर्वतहरूमाथि मलाई कुशल राख्नुहुन्छ।" (हबकूक ३:१७-१९)। उपरोक्त पदहरूमा देखाइएका हबकूकको मनस्थिति वा सोचाइ अर्थात् परमेश्वरप्रतिको प्रतिवद्धता किन उत्कृष्ट छ?

त्यही मनस्थिति वा मनोभाव हामीले पनि कसरी विकास गर्ने। त्यही सन्दर्भमा फिलिपीहरूको ४:११मा यसरी उल्लेख गरेको पढ्यौं भने हामीलाई आत्मबल मिल्न सक्दछः " ११ म खाँचोमा भएँ भनेर यो मैले भनेको होइनँ कारण जे कुरा मसित छ, त्यसैमा सन्तोष मान्न मैले सिकेको छु।"

परमेश्वरको उदारता, हामीप्रति उहाँको हित र उहाँको शक्तिप्रति प्रतिक्रिया व्यक्त गर्दै अगमवक्ता हबकूकले आफ्नो पुस्तकको अन्त्य गर्दछन् (हबकूक ३:१६-१९)। परमेश्वरले उद्धार गर्ने नितिलाई ताजासँग हेर्न पाएपछि हबकूकले शत्रुको आक्रमणको प्रतिक्षा गर्दछन्। हो, उनको राष्ट्रमा आइपर्ने विपत्ती जुन परमेश्वरको न्याय थियो, त्यसको प्रतिक्षा गर्नुपर्दा उनी आतङ्कित बनेका थिए। शत्रुको आक्रमणमा सारा इस्राएलका खुर्पानी र जैतुनका रूखहरू ध्वस्त हुने ठूलो संभावना थियो। आर्थिक रूपमा त्यस देशको निम्ति ती रूखहरू अत्यन्त मूल्यवान थियो। त्यस्तै गरेर त्यस कृषीप्रधान देशमा भएका अरू बोट बिरुवाहरू, अङ्गुर आदिका लहराहरू, अन्न र पशुहरू पनि नभैनहुने थोकहरू थिए। तर ती सबै नाश हुने सङ्केत पाएपछि अगमवक्ताको मनमा पिडा छाउनु स्वभाविकै थियो। यद्यपि, जीवित परमेश्वरको दर्शन पाएपछि अगमवक्ता आफ्नो विश्वासमा बलियो भएर खडा हुन सक्षम् भएका थिए।

आफ्नै अनुभवद्वारा हबकूकलाई यो थाहा थियो कि परमेश्वर कत्तिको वचनवद्ध हुनुहुन्छ। त्यसैकारण वर्तमान अवस्थालाई मध्ये नजर राख्दै परमेश्वरको योजनामा आफूलाई समर्पण गरेका थिए (हबकूक ३:१६-१९)। सम्पूर्ण भरोसा परमेश्वरमा राख्ने उनले निधो गरे। जस्तो सुकै खराब र निराशाजनक परिस्थिति आएतापनि परमेश्वरको उदारतामा भरपर्नुको विकल्प उनले देखेनन्।

आफ्नै पालामा सबै थोक तत्कालिन असल हुनेछ र परमेश्वरले उद्धार गर्नुहुनेछ भन्ने शङ्केत उनले नपाएतापनि परमेश्वरमाथिको विश्वासमा आफूलाई कुनै आँच नल्याउने प्रतिवद्धतासाथ हबकूक उहाँको कार्यान्वनको प्रतिक्षा गरेर बसे। त्यस परिप्रेक्ष्यमा उनी परमेश्वरको सक्षम् अगमवक्ता अर्थात् प्रवक्ता हुन पुगेका थिए किनकि उनले सारा युगका विश्वासीहरूलाई मुक्तिदाताप्रति गहिरो र जीवित आस्थाको बिकास गर्नुपर्छ भनेर आफ्नै उदाहरणद्वारा प्रस्तुत गरेका थिए। परमेश्वरका भक्तजनहरूले उहाँसँग कुराकानी गर्नुपर्छ, कठिन परिस्थितिमा उहाँप्रतिको निष्ठालाई जाँचेर हेर्नुपर्छ, परमेश्वरमा नै आशावादी भएर बस्नुपर्छ र उहाँको स्तुती

गर्न रोक्नुहुन्न भनेर हबकूक आफै नमूना बनि हाम्रो सामु देखाएका थिए।

परमेश्वरमाथिको उत्कृष्ट र सुन्दर आस्थाको नमूना प्रस्तुत गर्दै हबकूकले आफ्नो पुस्तकको अन्त्य गर्दछन्। जतिसुकै प्रतिकूल परिस्थितिमा आफ्नो ज्यान होमिनु परेतापनि परमेश्वरका भक्तले उहाँको आनन्न र शक्तिको अनुभव गर्न सकिन्छ। झट्ट हेर्दा कहिलै अन्त नहुने दु:ख, कष्ट, पिडाको सामना गर्नु परिरहेतापनि परमेश्वरको उद्धारलाई धैर्यतासाथ प्रतिक्षा गरेर बस्नुपर्छ भन्ने हबकूकको पुस्तकको सन्देश हो। "परमेश्वरमा नै धैर्यतासाथ पर्खेर बसौं" भन्ने विषयवस्तुले हबकूकको पुस्तक भरिएको छ। त्यो विषय हामी सेभेन्थ-डे एडभेन्टिस्टहरूको निम्ति कतिको महत्त्व छ भनेर याद गरिराख्नु अत्यन्त जरुरी छ। हाम्रो चर्चको नामले नै येशूको आगमनको प्रतिक्षा गरेर बस्ने विश्वासीहरूको समूह हुन् भनेर बताउँछ।

**उपसंहारः**

**थप जानकारीः** हबकूकको सन्देशलाई अझ राम्ररी बुझ्न देहायका टिप्पनीहरू पढ्नुहोस् र सोच्नुहोस्।

"हबकूको जिज्ञासाको जवाफ त्यहाँ छ। त्यो जवाफ वचनहरूद्वारामात्र नभएर घट्नाबाट दिएका थिए। वखत वखतमा परमेश्वरले हाम्रो प्रश्नको जवाफ दिनुहुन्छ तर वचनद्वारा नै हुनुपर्छ भन्ने छैन। तर हाम्रो मनको खुल्दुलीलाई परमेश्वरले मेताउनुनै हुनेछः "ढिलै भएतापनि पर्खेर बस्नुपर्दछ।" हो, पर्खेर बस्नु त्यत्तिको सजिलो छैन। धर्मीहरू संसारमा भएका ज्यादतीप्रति क्रोधित हुन्छन् नै। तर त्यस ज्यादतीप्रति आक्रमक नभएर परमेश्वरमा धर्मपरायण भएर बस्नेले यो निति अपनाउनु जरूरी छः "धर्मी आफ्नो विश्वासमा जीउनु पर्नेछ।" यो परमेश्वरको भक्तले पाउने जवाफ हो, त्यो जवाफ शव्दहरूद्वारा नभएर आफ्नो जीवनद्वारा देखाउनु पर्दछ। विश्वास, आस्था भनेको परमेश्वरमा भरोसा पर्नु हो। परमेश्वरमा पर्खेर बस्ने क्षमता नै एक किसिमको उपासना हो। त्यो आत्मज्ञान हो।"-बाइबलका यहूदी विद्धान अब्राहम जे, हास्कल, द प्रोफेटस्, पृ. १४३बाट रूपान्तरित।

"अगमवक्ता र येशूका चेलाहरूले देखाएर गएका परमेश्वरप्रतिको अगाढ आस्थालाई हामीले साँचिराख्नु पर्दछ। हाम्रो जीवनमा त्यसलाई आवाद गर्नुपर्दछ। परमेश्वरका प्रतिज्ञाहरूलाई पकडि राख्ने साधन नै

उहाँमाथिको अगाढ आस्था हो। परमेश्वरले नै निर्धारण गर्नुभएको समय र मार्गले ल्याउने उद्धारलाई धैर्यतासाथ पर्खाउन उहाँमाथिको विश्वासले नै काम गर्दछ। निश्चित भविष्यवाणीका वचनहरू त्यसबेला पूरा हुन्छ जब हामीहरूका मुक्तिदाता येशू ख्रीष्ट, राजाहरूका राजा र स्वामीहरूका स्वामीको रूपमा महिमित आगमन हुन्छ। उहाँको प्रतिक्षाको समय धेरै लामो भएको जस्तो हुनसक्छ। परमेश्वरमा आस्था गुमाएका धेरैले बाटो बाटैमा झर्न सक्छ। तर यहूदाका जनताहरूले भोगीरहेको कष्टकर समयमा अगमवक्ता हबकूकले तिनीहरूलाई हौशला दिन प्रयत्न गरेको जस्तै हामी पनि परमेश्वरमा विश्वास राखी यो प्रतिवद्धता व्यक्त गरौं, ' परमेश्वर उहाँको पवित्र मन्दिरमा हुनुहुन्छः उहाँको सामु सारा पृथ्वी मौन रहोस्।'"-एलेन जी ह्वाइट, *प्रोफेटस् एण्ड किङ्गस,* पृ. ३८७, ३८८बाट रूपान्तरित।

**चिन्तनमनन:**

अ. परमेश्वरसँग हबकूकले गरेका कुराकानीको सारांश निकाल्नु होस्। हबकूकको मूल गुनासो के थियो? परमेश्वरले दिनुभएको जवाफलाई उनले कसरी लिए?

आ. झुठा तथा गलत विश्वासहरू भन्दा इमान्दारीसाथ सोधिएको प्रश्न र दुःखको बेलामा व्यक्त शङ्काहरू परमेश्वरको आँखाको सामु के मान्य हुनसक्छ र? चर्चापरिचर्चा गर्नुहोस्।

इ. अठाऱ्हौं शताव्धीदेखि अहिले सम्मका सेभेन्थ-डे एडभेन्टिस्टहरूले अपेक्षा गरेको अनुसार येशू आइसक्नुपर्ने थियो। परमेश्वरको वचनमा उल्लेख गरेका अचम्मका प्रतिज्ञाहरू आआफ्नो पालामा पूरा हुन्छ भनेर तिनीहरूले सोचेका थिए। तर उहाँको आगमन भने भएको छैन। त्यस्तो परिप्रेक्ष्यमा हामीले येशूको आगमनलाई हेरिनै रहने विश्वासलाई कसरी सम्हालेर राख्ने?